महागढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रोजगार सेवा केन्द्र

बरियारपुर, बारा

प्रदेश नं. २, नेपाल

स्था.:२०७३

पत्र संख्याः

चलानी नं.:

# सुचना सुचना सुचना

मिति : २०७८।११।०२

आ.व. २०७९।०८० को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धि सुचना ।

चालु अर्थिक वर्ष २०७८।७९ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समुहका बेरोजगार नागरिकले २०७८ फागुन महिना भरी आफू स्थाई बसोबास गरेको वडा कार्यालयमा सुचिकृत हुन निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ । निवेदकको ढाँचा र यस सम्बन्धि थप जानकारी स्थानिय तहमा रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईटम www.pmep.gov.np बाट प्रप्त गर्न सकिने छ ।

बोद्धार्थ : सुचना प्राविधि शाखा (म.ग.न.पा)

महम्मद फिरोज<br>(रोजगार संयोजक)

महमद शेरे मुस्तफा<br>प्रमुख प्रशासकिय अधिकृत<br>महमद शेरे मुस्तफा<br>प्रमुख प्रशासकीय अधिकृत

# महागढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
## बरियारपुर, बारा
प्रदेश नं. २, नेपाल
स्था.:२०७३


पत्र संख्या: ०८८/०८९
चलानी नं.: १५६८

मिति : २०७८।११।०२

विषय: आगामी आ.व.२०७९।८० को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सुचना सम्बन्धमा ।

श्री वडा कार्यालय, (सबै)
म.ग.न.पा. बरियारपुर,बारा

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं.२४० मिति २०७८।१०।२६ को पत्रानुसार रोजगारीको हकसम्बन्धी ऐन,२०७५,सो को नियमावली,तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५(पहिलो संशोधन २०७७ सहित) बमोजिम आगामी आर्थिक बर्ष २०७९।८० मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुन चाहने सामाजिक तथा आर्थिक असरबाट बञ्चित महिला, आदिवासी,जनजाती,मधेसी,दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतका ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७८ फाल्गुन महिना भित्रमा आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगारी आवेदन फाराम भर्नु पर्ने हुँदा त्यहाँको वडा कार्यालयबाट उक्त निवेदन फाराम तपसिल बमोजिम भरिभराई दिन व्यवस्था मिलाई दिनु हुन अनुरोध छ ।

**फारम भर्दा आवश्यक कागजपत्रहरु:**

(क) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
(ख) १८ देखि ५९ बर्ष उमेर समुहको हुनु पर्ने ।
(ग) निवेदन दिंदाको मिति सम्म सोहि आर्थिक वर्षमा न्यूनतम एक सय दिनका रोजगारमा संलग्न नभएको हुनु पर्ने
(घ) निवेदकको सम्पुर्ण परिवारीक सदस्यहरुको नागरकिता (छुटिएर अलग बसेका सदस्य र विवाह भएर गईसकेको सदस्यको नागरिकता आवश्यक नपर्ने)
(ङ) निवेदकको परिवारका सदस्यहरु मध्ये नागरिकता नबनाइसकेका सदस्हरुको हकमा उनीहरुको जन्मदर्ता प्रतिलिपी ।
(च) निवेदनमा फोटो टासेको हुनुपर्ने र सो निवेदन सम्बन्धि वडा कार्यालयबाट प्रमाणित भएको हुनु पर्छ ।
(छ) निवेदकको पासपोर्ट साईजको फोटो एक प्रति(वैदेशिक रोजगारबाट फर्केर बेराजगार बसेकोमा)

बोधार्थ : सुचना प्राविधि शाखा (म.ग.न.पा)

..................
महम्मद फिरोज
(रोजगार संयोजक)

..................
महमद शेरे मुस्तफा
प्रमुख प्रशासकिय अधिकृत
महमद शेरे मुस्तफा
प्रमुख प्रशासकीय अधिकृत

email:info@mahagadhimaimun.gov.np / website: www.mahagadhimaimun.gov.np